# चौतारा साँगाचोकगढी नगरपालिकाको संस्था दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०८०

**स्वीकृत मिति : २०८०/१२/२८ गते**

प्रस्तावना

चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्रका सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायीक तथा परोपकारी सामाजिक गैर राजनीतिक र गैर नाफामूलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने प्रकृयालाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि तयार गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "संस्था दर्ता गर्ने सम्बन्धी कार्यविधि, २०८०" रहेकोछ ।
   (२) यो कार्यविधि नगरपालिका क्षेत्रभर लागू हुनेछ ।
   (३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा
   (क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, बैज्ञानिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास गर्ने उद्देश्यले स्थापना भएमा गैर नाफामूलक र गैर राजनीतिक संघ संस्था, क्लब, मण्डल, परिषद, समूह, अध्ययन केन्द्र, मैत्री संघ समेतलाई जनाउँदछ ।
   (ख) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई सम्झनु पर्छ ।
   (ग) "प्रमुख" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।
   (घ) "प्रबन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।
   (ङ) "स्थानीय अधिकारी" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
   (च) "कार्यक्षेत्र" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय नगरपालिका भित्र संचालन भएकोलाई सम्झनु पर्छ ।
   (छ) "कार्यालय" भन्नाले चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।
   (ज) "सम्बन्धित शाखा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयको प्रशासन योजना तथा अनुगमन शाखा सम्झनु पर्छ ।

३. दर्ता नगरी संस्था खोल्न नहुने : यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. संस्था दर्ता :
   (१) संस्था दर्ता गर्न चाहने कम्तिमा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसूची-१ बमोजिमको ढाँचामा संस्थाको विधान समेतका कागजात सहित कार्यालयमा निवेदन दिनु पर्दछ ।
   (२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ता भित्र दर्ता शुल्क रु. १००० ।- (एक हजार) लिई संस्था दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाण-पत्र दिईनेछ ।
   (३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर नगरपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।
   (४) उप नियम (३) बमोजिमको उजुर प्राप्त भएपछि नगर प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

५. दर्ताको अवधि नविकरण र दस्तुर : (१) नियम ४(२) बमोजिम दिइएको दर्ता प्रमाण-पत्र एक आर्थिक वर्ष सम्म वहाल रहनेछ ।

(२) उप नियम (१) बमोजिम संस्थाको दर्ता बहाल रहने अवधी समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट पाँच सय रुपैया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नविकरण गराउनु पर्नेछ ।

(३) उप नियम (२) बमोजिम म्याद नाघेपछी कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नविकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उप नियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नविकरण गरी दिन सक्नेछ ।

(क) उप नियम (२) बमोजिमको म्याद नाघेपछी तीन महिनाको लागि रु. ७५०।-

(ख) खण्ड (क) को म्याद नाघेपछी आषाढ मसान्त सम्मको लागि रु. १०००।-

(ग) खण्ड (ख) को म्याद नाघेपछी अर्को एक आर्थिक वर्षको लागि रु. १०००।- को दरले दुई आर्थिक वर्षको लागि रु. २०००।-

(४) उप नियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि म्याद भित्र नविकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नविकरण हुन नसकेको मनासिव कारण देखाई नविकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाका दरले थप जरिवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नविकरण गरिदिन सक्नेछ ।

(५) दर्ताको प्रमाण पत्र नविकरण गर्ने संस्थाले निवेदन दिँदा पछिल्लो साधारण सभाको माइन्यूटको प्रतिलिपि सहित कार्य समितिका पदाधिकारीहरुको नामनामेसी सहितको विवरण संलग्न गर्नुपर्नेछ

६. संगठित संस्था मानिने : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वाशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न र वेच विखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

७. संस्थाको सम्पत्ति : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको संस्थाको सम्पत्ती फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा बिराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

८. दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने : यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महिना भित्र यो कार्यविधि बमोजिम पालिकामा दर्ता गराउनु पर्नेछ ।

९. संस्थाको उद्देश्यहरुमा हेरफेर : (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान अनुसार साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१०. हिसाबको विवरण पठाउनु पर्ने : प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परिक्षको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारीसँग पेश गर्नुपर्नेछ ।

११. हिसाब जाँच गर्ने : (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम हिसाब जाँच गराए वापत स्थानीय अधिकारीले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारण गरेको दस्तुर असूल गर लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको दायित्व हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीलाई सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ

१२. निर्देशन दिने : चौतारा साँगाचोकगढी नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१३. निर्देशिका : यस कार्यविधिको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

१४. दण्ड सजाय : (१) नियम (३) बमोजिम दर्ता नगराई संस्था स्थापना नगरेमा वा नियम (८) बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैया सम्म जरीवाना गर्न सक्नेछ ।

(२) नियम (१०) बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनहि पाँच सय रुपैया सम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले नियम (१०) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) नियम (११) को उपनियम (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजातपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँच सय रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(४) नियम (९) बमोजिम स्थानीय अधिकारीको स्वीकृत नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभिएमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा वा संस्थाले कुनै राजनीतिक गतिविधि गरेको ठहर भएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

१५. पुनरावेदन : नियम (१३) बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

१६. संस्थाको विघटन र त्यस्को परिणाम : (१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा चौतारा साँगाचोकगढी नगरपालिकामा सर्नेछ ।

(२) उपनियम (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले वेहोर्नेछ ।

१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा संघीय तथा प्रदेशको कानूनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

१८. खारेजी र बचाउ : (१) संघीय र प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरित भएमा दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन् ।

(२) यस कानूनलाई प्रतिस्थापन हुने गरी अर्को कानून बनेर लागू नभएसम्म यसै कानून अनुसार भए गरेको मानिनेछ ।

अनुसूची-१
(नियम ४ सँग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
चौतारा साँगाचोकगढी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
चौतारा, सिन्धुपाल्चोक ।

विषय : संस्था दर्ता गरीपाउँ ।

हामिले सम्बन्धी संस्था खोल्न चाहेकोले स्थानीय सरकार ......................................संचालन ऐन २०७४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरी संस्था दर्ताको निवेदन पेश गरेका छौं ।

तपसिल
१. संस्थाको नाम :
२. संस्थाको कार्यालय रहने ठेगाना :
३. आर्थिक श्रोत :
४. संस्थाको उद्देश्यहरु :
   क)
   ख)
   ग)

**संलग्न कागजातहरु :**
१. संस्थाको विधान
२. वडा कार्यालयको सिफारिस
३. भेलाको निर्णय
४. प्रबन्ध समितिका पदाधिकारी तथा सदस्यको नामनामेसी विवरण र नागरिकता प्रमाण पत्रको प्रतिलिपि
५. संस्थाको छापको नमूना

निवेदक :
नाम थर :
पद : अध्यक्ष
हस्ताक्षर :

अनुसूची-२
नियम (४) सँग सम्बन्धित

## दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारीहरु तथा सदस्यहरुको नाम, ठेगाना र सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची-३**
**नियम (४) सँग सम्बन्धित**
**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**
**आ.व. ........**

# संस्था दर्ता प्रमाण पत्र

**श्री अध्यक्ष/सचिव ज्यू,**
**................................................ संस्था**
**............................................................ ।**
**दर्ता नं. :** **दर्ता मिति :**

**चौतारा साँगाचोकगढी नगरपालिकाको संस्था दर्ता गर्ने सम्बन्धी कार्यविधि २०८० को दफा (४) बमोजिम मिति .......... का दिन तहाँ संस्था यस कार्यालयमा दर्ता गरी यो प्रमाण पत्र जारी गरिएको छ ।**

**प्रमाण पत्र जारी गर्नेको**
**नाम, थर :**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**दस्तखत :**
**मिति :**

**नोट :**

- प्रमाण-पत्र एक आर्थिक वर्ष सम्म मात्र वहाल रहनेछ ।
- संस्थाको दर्ता वहाल रहने अवधी समाप्त भएको मितिले तीन महिना भित्र नियमानुसार दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । सो म्याद नाघेमा नियमानुसार थप दस्तुर एवं जरिवाना समेत लाग्नेछ ।

## नवीकरण सम्बन्धी विवरण

| नविकरण गरेको मिति | दर्ता प्रमाण पत्र वहाल रहने अवधि | भौचर नं., मिति र नवीकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |